# सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

## (१) पृष्ठभुमी :

सिद्धिचरण नगरपालिका र ९ नं. वडा कार्यालयद्धारा प्रदान गरिएको विकास निर्माण र गुणस्तरीय सेवा प्रवाहका सम्वन्धमा नगरपालिकाको आयोजना र ओपचारिक सेवा केन्द्र (इन्सेक) को सहजीकरणमा सञ्चालन गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७५।०७।३० गते नगरपालिकाको ९ नं. वडा कार्यालयको प्राङ्गणमा सम्पन्न भयो । नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा नगरपालिकाको उप प्रमुख श्री इच्छा कुमारी गुरुङ्ग, प्रमुख जिल्ला अधिकारी श्री मुनका न्यौपाने, प्रमुख प्रशासकिय अधिकृत श्री भोजराज खतिवडा, प्रहरी नायव उपरिक्षक श्री अनन्तराम शर्मा, सशस्त्र प्रहरी नायव उपरिक्षक श्री रामचन्द्र थापा, अनुसंधान अधिकृत श्री देवेन्द्र खतिवडा वडा प्रमुख श्री दान वहादुर वानिया, इन्सेक प्रतिनिधि श्री शिव ढुंगान, नगरपालिकाका विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि, वडा सचिव, दलका स्थानीय राजनैतिक प्रतिनिधि र सर्वसाधरण नागरिक लगाएतको १०९ जनाको उपस्थिति रहेको थियो ।

## (२) कार्यक्रमको उदेश्य :

- नगरपालिका वाट प्रवाह भएका विकास निर्माण र गुणस्तरीय सेवा तथा सुविधाका वारेमा आम नागरीकहरुलाई जानकारी गराउने,
- नागरिकहरुको समस्या, गुनासा, तथा रचनात्मक सुझावहरु आफ्ना जनप्रतिनिधि तथा सेवा प्रदायक संस्थाका जिम्मेवार पदाधिकारीहरु संग प्रत्यक्षरुपमा राख्ने,
- सेवाग्राही र सेवाप्रदायक विचको असमझदारी तथा समन्वयको खाडललाई अत्याधिक मात्रामा न्यून गरी योजना तर्जुमा देखि कार्यान्वयन, अनुगमन, मूल्यांकन सम्म नै समन्वय सहभागि एवं समझदारीको साथै सुशासन, पारदर्शिता, जवाफदेहिता र जिम्मेवारीको वोध गराई शुसासन कार्यमा सहयोग पुरयाउने,
- सहभागीहरुको सवाल तथा जवाफदेहीवक्ताहरुको जवाफ एंव सुनुवाईवाट एक आपसको वैमनस्य एवं शंका उपशंकाको घेरा तोड्ने र पुनः सुमुधुरता पूर्वक कार्य गर्न सकिने,

## (३) कार्यक्रम सञ्चालन विधि

- सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनका लागि कार्यक्रम स्थल र आवश्यक सहयोगका लागि सम्वन्धित वडाको वडा अध्यक्ष र वडा सचिवलाई पत्राचार गरिएको ।
- १५ दिन अगाडि नागरिक प्रतिवेदन पत्र(Citizen Report Card) विधि अपनाई समस्या र शुझाव संकलन गर्ने तथा निर्गम अभिमत (Exit Poll) विधिवाट सुझाव संकलन गरिएको ।
- सम्वन्धित वडाका विभिन्न भागमा व्यानरहरु झुण्ड्याइएको ।
- स्थानीय एफ.एम.र सञ्चार माध्यामवाट कार्यक्रमको सूचना प्रशारण गरिएको ।
- नगरपालिका र ९ नं.वडा कार्यालयको आसपासमा पर्चा टाँस गरिएको ।
- सरोकारवालाहरुलाई अग्रिमरुपमा पत्राचार गरिएको ।
- प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव उपरिक्षक, सशस्त्र प्रहरी उपरिक्षक लगाएत नगरपालिकाका विषयगत शाखा प्रमुखहरुलाई अग्रिमरुपमा जवाफदेही वक्ताकोरुपमा पत्राचार गरिएको ।

## (४) कार्यक्रमको संचालन प्रकृया

कार्यक्रमलाई अध्यक्ष तथा अतिथि आसन ग्रहण र स्वागत मन्तव्य, खुल्ला छलफल र समापन गरी तिन चरणमा विभाजन गरिएको थियो । सर्व प्रथम नगरपालिकाका प्रमुख मोहन कुमार श्रेष्ठलाई अध्यक्षताको आसन ग्रहण गराइएको थियो । त्यस पछि नगर पालिका उप प्रमुख इच्छा कुमारी गुरुङ्ग, प्रमुख जिल्ला अधिकारी श्री मुनका न्यौपाने, प्रमुख प्रशासकिय अधिकृत श्री भोजराज खतिवडा, प्रहरी नायव उपरिक्षक श्री अनन्तराम शर्मा, सशस्त्र प्रहरी नायव उपरिक्षक श्री रामचन्द्र थापा, अनुसंधान अधिकृत श्री देवेन्द्र खतिवडा वडा प्रमुख श्री दान वहादुर वानिया, इन्सेक प्रतिनिधि श्री शिव ढुंगान, नगरपालिकाका विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि, वडा सचिव, दलका स्थानीय राजनैतिक प्रतिनिधि पत्रकार र सम्पूर्ण सहभागीहरुलाई अतिथीको आसन ग्रहण गरिएको थियो । आसन ग्रहण पछि कार्यक्रममा उपस्थित सम्पूर्ण अधितिहरुलाई ९ नं. वडा अध्यक्ष श्री दान वहादुर वानियाज्यूले मन्तव्यवाट स्वागत गर्नु भएको थियो भने वडा कार्यालयका कर्मचारीहरुले फुलमाला र अविरले स्वागत गर्नु भएको थियो ।

स्वागत मन्तव्य पछि सिद्धिचरण नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री श्री भोजराज खतिवडा ज्यूले कार्यक्रमको उदेश्य माथि प्रस्ट पारी नगरपालिकाको परिचय, सवल पक्ष, दूर्वल पक्ष, अवसर र चुनौतीहरुको वारेमा उल्लेख गर्दै नगरपालिकावाट ९ नं. वडामा गत आ.व.र चालु आ.व.को प्रथम चौमासिकमा सम्पन्न भएका विकास निर्माणका योजना तथा कार्यक्रमहरु र चालु आ.व.मा संचालन गरिने योजना तथा कार्यक्रमहरुको वारेमा प्रस्तुत गर्नु भएको थियो ।

प्रमुख प्रशासकीय अधिकृतको प्रस्तुतीकरण पछि खुल्ला छलफल गरिएको थियो । छलफलमा सर्वसाधारणहरुलाई आफ्ना समस्या, गुनासा, तथा रचनात्मक सुझावहरु आफ्ना जनप्रतिनिधि तथा सेवा प्रदायक संस्थाका जिम्मेवार पदाधिकारीहरु संग प्रत्यक्षरुपमा राख्न सहज गराउने उदेश्यले तेस्रो पक्ष ( औपचारिक सेवा केन्द्र इन्सेकका प्रतिनिधि मार्फत सहजीकरण गराइएको थियो । सहजकर्ताले सर्वप्रथम सार्वजनिक सुनुवाई कार्यक्रमका आचार संहिता वारे जानकारी गराई सहभागिहरुको लागि आफना जिज्ञासा, प्रश्न, असन्तुष्टिहरु, सल्लाह, सुझावको लागि फ्लोर ओपन गर्नु भएको थियो । । छलफलमा विकास निर्माण र गुणस्तरीय सेवा प्रवाहका कुराहरुलाई प्राथमिकता दिइएको थियो र जवाफदेही वक्ताहरुवाट आएका जिज्ञासाहरु प्रति सम्वन्धित विषयगत कार्यालयका प्रतिनिधिवाट सम्वोधन गराइएको थियो ।

## (५) कार्यक्रममा सहभागीहरुको तर्फवाट राखिएका समस्या तथा सुझावहरु र जवाफदेही वक्ताहरुवाट आएको जवाफ

| क्र. सं. | प्रश्नकर्ताको नाम | ठेगाना | समस्या | जवाफकर्ता | जवाफ |
|---|---|---|---|---|---|
| १ | शेर वहादुर वानिया | सिनपा ९ | कृषि तथा पशु पालनको बजेटमा टाठा वाठाहरुले मात्र अनुदान पाएका, वडाको सभाहल सबै राजनितिक दलको लागि खुल्ला गर्नुपर्ने | १. नगर प्रमुख मोहन कुमार श्रेष्ठ २. वडा अध्यक्ष श्री दान वहादुर वानिया | सिमित बजेट भएको कारणले सबै कृषकलाई अनुदान दिन नसकिएको र चालु आ व को लागि २० जना कृषकको लागि बजेट थप गरिएको, वाडा कार्यालयको हल प्रयोजनार्थ सबै राजनितिक दललाई खुल्ला गरिएको । |
| २ | दिप वहादुर वानिया | सिनपा ९ | नगरपालिकाको राजश्व शाखामा एकीकृत सम्पत्ति कर तिर्ने फायलहरु व्यस्थित नभएको, वडामा आएको बजेट सवैले थाहा पाउनु पर्ने, पार्टिगत मानसिकतालाई टाढा राख्नु पर्ने र ईन्टरनेटको समस्या रहेको | ना सु श्री रमेश धमला, सि न पा राजश्व शाखा | फायल मिलाउने क्रम जारी रहेको, ५ ओटा वाडाको मिलाई सकिएको, कर्मचारी अभावको कारणलेगर्दा दोहोरो जिम्मेवारीको कारण समयमै फायलहरु व्यवस्थित गर्न नसकिएको, आगामि दिनमा यथाशिघ्र फालय व्यवस्थापन गरिने, ईन्टरनेटको सम्वन्धमा भौगोलिक वनावटको कारण सवै क्षेत्रमा गुणस्तरीय सेवा प्रवाह हुन नसकेको |
| ३ | मेख वहादुर खड्का | सिनपा ९ | पूर्वाधार विकास तर्फ ९ ओटा योजनाहरु मध्ये कुन कुन ४ ओटा योजना छनौट भएका हुन ? | वडा अध्यक्ष श्री दान वहादुर वानिया | पहिले सार्वजकि गरिएका योजनाहरुमा रु १५ लाख विनियोजन भएकोले ति योजनाहरुको लागत अनुमात तयार गरी सो को आधारमा स्वीकृत बजेटलाई मध्येनजर गरी कार्यान्वयन गरिने र स्रोतले भ्याए सम्म चालु आ व मै वाँकी योजनाहरु संचालन गर्दै जाने र बजेट नपुग भएमा आगामि वर्षको बजेट वाट सवै योजनाहरु सम्पन्न गर्ने । |
| | | | उपभोक्ता समितिको गठन हामिले कानून अनुसार गठन नगरिएको भनेर किन भनिएको ? | प्रमुख प्रशासकीय अधिकृत श्री भोजराज खतिवडा | “उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५” ले ३३ प्रतिशत महिला हुनु पर्ने, सरकारी कर्मचारी समितिमा वस्न नपाउने, एउटै घरको २ जना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | वस्न नपाउने, २ ओटा समितिमा एउटै व्यक्ति वस्न नपाउने, वडा अध्यक्ष वा निजले तोकेको सदस्य वा कार्यालयको प्रतिनिधिको रोहरवरमा मात्र समिति गठन गरिनु पर्ने जस्ता विषयहरु व्यवस्था गरेकोले सो अनुसार गठन नभएकोले कानून अनुसार गठन नभएको भनिएको हो । |
| ४ | इन्द्र नारायण श्रेष्ठ | सिनपा ९ | कुनै व्यक्तिको ३।३ ओटा घर हुँदा पनि भुकम्प पिडित हुने तर १ ओटा पनि घर नहुने चाही पिडितमा नपरेकोले घर निरीक्षण गरीयोस | नगर प्रमुख<br>श्री मोहुन कुमार श्रेष्ठ | यस सम्वन्धमा सम्वन्धित प्रविाधिकलाई निरीक्षण गर्न लगाई त्यस्तो प्रमाण भेटिएमा कानून बमोजिम कारवाही गरिने |
| ५ | मिठु माया मगर | सिनपा ९ | भुकम्प पिडितको पहिलो किस्ता लिएको र घर निर्माण सम्पन्न गरी वाँकी किस्ता लिन जाँदा मैले भुकम्प पिडितको पहिलो किस्ता लिएको कुनै पनि रेकर्ड नभेटिएकोले वाँकी किस्ता लिन वन्चित भएको | ईन्जिनियर<br>श्री दिव्य श्रेष्ठ | यस सम्वन्धमा सम्वन्धित निकायमा आवश्यक पहल गरिएको र केन्द्रमा समेत जानकारी गराईएको । |
| ६ | आईत वहादुर वि क | सिनपा ९ | म एकल पुरुष हो । एकल महिलाले भुकम्प पिडितको अनुदार पाँउदा मैले किन नपाउने ? | ईन्जिनियर<br>श्री दिव्य श्रेष्ठ | यस सम्वन्धमा संघीय ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिमा कुनै व्यवस्था नभएकोले समस्या भएको हो । |
| ७ | दिल काजि मगर | सिनपा ९ | भुकम्प प्रतिरोधि घर वनाउदा प्राविधिकले दिएको नक्शा र निर्देशन बमोजिम काम गर्दा पनि अन्तिम किस्तामा विभिन्न कामहरु नमिलेको भनि पटक पटक कार्यालयमा धाउनु परेको | ईन्जिनियर<br>श्री दिव्य श्रेष्ठ | यस सम्वन्धमा सम्वन्धित घरको निरीक्षण गरी नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम घर बनेको भएमा सवै किस्ता उपलव्ध गराईने, |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | नर वहादुर श्रेष्ठ | सिनपा ९ | वडा कार्यालयमा शौचालय निर्माण गर्नको निमित्त रु. ३ लाख आएको, मलाई मौखिक रुपमा २ लाख २० हजारमा ठेक्का दिई ढुंगा, वालुवा र गिटी सकंलन गरी सकेपछि उक्त काम मलाई थाहै नदिई वडाका निर्वाचित सदस्य गुण वहादुर खड्काले ठेकेदारको रुपमा आफुखुशी कामगरी मेरो रकम समेत नपाएको हुँदा सो श्रम वापतको रकम कसले दिने ? | वडा अध्यक्ष<br>श्री दान वहादुर वानिया | उक्त रकम वडामा आएको र वडा कार्यालयले अमानतमा गर्ने भएकोले निज पदाधिकारीले अमानतमा काम गरेकोले सो बमोजिम भएको हो र अमानतको प्रक्रियामा केही कमिकमजोरी भएकोले आगामि दिनमा यस तर्फ सुधार गरिने । |
| | | | मेरो मन्जुरी नलिई व्यक्तिगत जग्गामा सार्वजनिक प्रतिक्षालय निर्माण गरिएकोले क्षतिपूर्तिको माग गर्दछु । | वडा अध्यक्ष<br>श्री दान वहादुर वानिया | वडा कार्यालयले सार्वजनिक क्षेत्रमा सो प्रतिक्षालय निर्माण गरेको हो । उक्त जग्गामा अमिन लगि नापजाँच गर्ने र निजी जग्गा परेको ठहरिएमा निजको माग बमोजिम क्षतिपूर्ति उपलव्ध गराईने |
| | | | निर्वाचित पदाधिकारीले आफैले ठेक्का लिई काम गर्न पाईने हो वा होईन ? | वडा अध्यक्ष<br>श्री दान वहादुर वानिया | निर्वाचित पदाधिकारी आफैले ठेक्का लिन पाईने छैन । |
| ९ | जीवन वाग्ले | सिनपा ९ | शुरुमा भुकम्प प्रतिरोधि घर निर्माणको मापदण्ड आउनु पूर्व प्रविधिक टोलि आई घर पूर्ण क्षतिमा परेको र ईन्जिनियर र सहायक प्राविधकको रोहवरमा घर वनाएको तर अहिले रु ५० हजार लिएको, पछि दोस्रो र तेस्रो किस्ता लिन जाँदा मापदण्डमा नपरेको भनिएको | ईन्जिनियर<br>श्री दिव्य श्रेष्ठ | यस सम्वन्धमा सम्वन्धित स्थानीय तहलाईनै सम्वन्धित घरको अवलोकन गरी उक्त घर मापदण्ड बमोजिम भए नभएको सिफारिसका आधारमा वाँकी किस्ता दिन सकिने परिपत्र प्राप्त भएको हुनाले सोही बमोजिम गरिने |
| १० | रामजी मगर | सिनपा ९ | खोदम्पा डाडावाट वेथुखर्कको वाटो निर्माणमा किन ढिलाई भएको हो ? | वडा अध्यक्ष<br>दान वहादुर वानिया | खोदम्पा डाडावाट वेथुखर्कको वाटो निर्माण कार्य शुरु भएको तर केही व्यक्तिहरुले जग्गा सम्वन्धि विवाद गरेकोले केही समय ढिला हुन गएको हो र उक्त विवाद समाधान भएपछी पुन सडक निमाण सुचारु हुनेछ । |

## (६) कार्यक्रमका सवल पक्ष

- सिद्धिचरण नगरपालिका वडा नं ९ मा सम्पन्न भएका विकास निर्माणका आयोजनाको वारेमा खुलेआम छलफल भएको ।
- विकास निर्माणमा नागरीकको धारणालाई नगपालिकाले स्वागत गरेको ।
- पूनर्निर्माणका वारेमा नागरीकहरुको समस्या समाधान गर्न जनप्रतिनिधिहरु सकारात्मक देखिएको ।

## (७) सुधार गर्नु पर्ने पक्ष

- सम्वन्धित स्थानमा विकास निर्माण र सेवा पुर्‍याउने सम्पूर्ण संघ सस्था र कार्यालयलाई पनि सहभागिता गराउनु पर्ने,
- साउण्ड सिस्टम अझ प्रभावकारी हुनु पर्ने,
- जनसहभागितालाई वृद्धि गर्नु पर्ने

## (८) कार्यक्रममा भएका साझा प्रतिवद्धताहरु

१. विकास निर्माणमा भएका सवै वजेटहरु पारदर्शि गराउने कार्य भएको भए पनि नागरीकहरु वाट त्यस्ता कृयाकलापमा चासो राख्न आग्रह गर्न सहमत भएका छौं ।

२. भूकम्प पिडितहरुको समस्या यथासिघ्र समाधान गर्न पहल गर्ने ।

३. उपभोक्ता समिति गठन गर्दा उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७५ वमोजिम गरिने ।

४. राजस्व शाखालाई यथसिघ्र व्यवस्थित गराउने ।

५. कुनै पनि विकास निर्माणका योजनाहरु नगरपालिका पदाधिकारीहरुले ठेक्का वा उपभोक्ता समितिमा वसेर संचालन नगर्ने ।

## (९) कार्यक्रमको समापन

कार्यक्रमको समापन मन्तव्यको क्रममा सम्पूर्ण कर्मचारीहरुको तर्फवाट प्रमुख जिल्ला अधिकारी श्री मुनका न्यौपानेज्यूले यस सार्वजनिक सुनुवाई कार्यक्रममा नगरपालिकाले आफुलाई सहभागी गराएकोमा नगरपालिकालाई धन्यवाद दिदै कार्यक्रम धैरै उपलन्धिमूलक भएको, यस कार्यक्रमको माध्यामवाट नगरपालिकाले आफुले गरेको वार्षिक तथा चौमासिक कार्यक्रमहरुलाई नगरवासी समक्ष प्रत्यक्षरुपमा प्रस्तुत गरी सुशासन, पारदर्शिता र जवाफदेहीतालाई आत्मसाथ गरेको विचार व्यक्त गर्दै समग्रमा कार्यक्रम सफल भएकोमा नगरवासी, नगरपालिकाका कर्मचारी तथा पदाधिकारहिरुलाई पुन धन्यवाद दिनु भयो ।

समापनकै क्रममा धन्यवाद मन्तव्य दिदै सिद्धिचरण नगरपालिकाका उपप्रमुख श्री इच्छा कुमारी गुरुङ्गज्यूले नगरपालिकाले चौमासिकरुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै आइरहेको र यसलाई नियमितरुपमा संचालन गर्दै लगिने विचार व्यक्त गर्दै नगरपालिकाले गरेका विकास निर्माण र सेवा प्रवाहको गुणस्तरलाई सुधार ल्याउने उदेश्यले यो कार्यक्रम संचालन गरिएको र नगरवासीहरुको सल्लाह सुझावले आगामि दिनमा थप सुधार गर्दै जाने विचार व्यक्त गर्दै यस कार्यक्रममा उपस्थित हुनुहने सिद्धिचरण नगरपालिका ९ नं. वडावासीहरु, नगरपालिकाको निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने सम्पूर्ण अतिथि तथा जवाफदेही वक्ताहरु, पत्रकारहरु र यस कार्यक्रमलाई सफल वनाउन सहयोग गर्नुहुने सम्पूर्ण कर्मचारी तथा जनप्रतिधिहरुलाई धन्यवाद व्यक्त गर्नुभयो ।

कार्यक्रमको समापनको क्रममा नगरपालिकाका प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूले राज्य नया अभ्यासमा लागेको र यस्मा सवैको कौतुहलता र चासोको विषय स्वभाविकै भएको, नगरपालिका नामले ठुलो भएतापनि सिमित श्रोत र साधनले जनताका धेरै आवश्यक्ता र चाहान पुरा गर्नु पर्ने भएकोले केही समस्या र गुनासाहरु आएका हुन तर ९ नं. वडावासीहरुले राख्नु भएको समस्या र गुनासाहरुलाई यथासिघ्र सम्वोधन गर्दै वडावासीहरुले दिएको सकारात्कम सल्लाह र सुझावहरुलाई अक्षरस पालना गरी आगामी दिनमा यस किसिमका समस्याहरु तथा गुनासाहरुलाई न्यूनीकरण गर्दै लगिने विचार व्यक्त गर्दै सिद्धिचरण नगरपालिका ९ नं. वडावासीहरु, नगरपालिकाको निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने सम्पूर्ण अतिथि तथा जवाफदेही वक्ताहरु, पत्रकारहरु र यस कार्यक्रमलाई सफल वनाउन सहयोग गर्नुहुने सम्पूर्ण कर्मचारी तथा जनप्रतिधिहरुलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभयो ।

## (१०) कार्यक्रमको निष्कर्स

- कार्यक्रले आम जनताको समस्या, गुनासा, सुझाव एंव भावना समेटन सफल भएको ।
- सरोकार वाला पदाधिकारी एंव निर्वाचित जनप्रनिधिले जनताको समस्या, गुनासा, सुझाव एंव भावना जनताकै आवाजमा  सुन्ने अवसर पाएको ।
- नगरपालिकाले प्रदान गरेको विकास निर्माण र गुणस्तरिय सेवालाई जनताको माझ खूल्ला रुपमा प्रस्तुत एंव छलफल गर्न सकिएको ।
- आगामि दिनमा विकास निर्माण र सेवा प्रवाह प्रदान गर्ने क्रममा मार्गदर्शन प्राप्त भएको ।
- नगरपालिका र मातहतका शाखाहरुले गरेको काम कार्वाहिलाई गुणस्तरीय र प्रभावकारी वनाइ नगरवासीहरुको मन जित्न यस किसिमको कार्यक्रमलाई नियमितरुपमा निरन्तरता दिनु पर्ने ।

# अनुसूची - १

वडा अध्यक्ष र वडा सचिवलाई पत्राचार

सिद्धिचरण नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
ओखलढुङ्गा

फोन नम्वर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्वर
०३७-५२००५१

पत्र संख्या: ०७५।०७६
चलानी नं.: ४८६

१ नं.प्रदेश, नेपाल
मिति:२०७५।७।१८

**बिषयः आवश्यक सहयोग गरिदेने वारे ।**

श्री ९ नं.वडा कार्यालय,
सिद्धिचरण नगरपालिका

प्रस्तुत विषयमा यस नगर कार्यपालिका र तहाँवाट वडा नं. ९ मा प्रदान गरिएको विकास निर्माण र गुणस्तरीय सेवा प्रवाहका सम्वन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन हुने भएकोले उक्त कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गर्नका लागि जिम्मेवार वक्ताको रुपमा स्वंय उपसिथत भइदिनु हुनका साथै तहाँ स्थित वडा कार्यालयका कर्मचारी, स्थानीय राजनैतिक दलका पदाधिकारीहरु, टोल विकास संस्थाका पदाधिकारी तथा सदस्यहरु, वडा नं. ९ मा गठन भएका उपभोक्ता समितिका पदाधिकारीहरु, शिक्षक वुद्धिजिवी, सरकारी गैह्रसरकारी संघ संस्थाका पदाधिकारीहरु, नागरिक समाज लगाएत सि.न.पा. वडा नं. ९ का सम्पूर्ण सरोकारवालाहरुलाई तपसिलको मिति, समय र स्थानमा उपस्थित गराइदिनु हुन अनुरोध छ ।


मिति: २०७५ कार्तिक ३० गते
स्थान: सि.न.पा.९ नं. वडा कार्यालयको प्राङ्गगण
समय: विहानको ठिक ११:०० वजे

**वोधार्थः**
श्री वडा सचिव ९ नं. वडा कार्यालय ज्यामिरे
आवश्यक समन्वय र सहयोगको लागि

२०७५/७/१८
भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची - २

१५ दिन अगाडि नागरिक प्रतिवेदन पत्र (Citizen Rrport Cart) भाग १, भाग २ र बहिर्गमन अभिमत (Exit Poll) संकलन



प्रश्नावली भाग – १
नागरिक प्रतिवेदन ( **Citizen Report Card** )
( सन्तुष्टि वा असन्तुष्टि जनाउन )

उत्तरदाताको नाम र थर :– सरस्वती बानिया............
जातजाति :..क्षेत्री.................. लिङ्ग : ( ) महिला ( ✓ ) पुरुष ( )
उमेर...५२.... शिक्षा....साक्षर.................. पेशा...कृषी......................
ठेगाना:.क्षि.न.पा....................न.पा, वडा नं. ......... सम्पर्क फोन नं...................

१. सेवाको सन्तुष्टि

१.१ तपाइले यस कार्यालयबाट समग्रमा कत्तिको सन्तुष्टि पाउनु भयो ?
सन्तुष्टि ( ) ठीकै ( ✓ ) असन्तुष्टि ( )

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
सन्तुष्टि ( ) ठीकै ( ✓ ) असन्तुष्टि ( )

२. सेवाको नियमितता

२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
सन्तुष्ट ( ) ठीकै ( ✓ ) असन्तुष्ट ( )

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता ) सञ्चालन भएको छ भन्ने कुरामा कत्तिको विश्वस्त हुनुहुन्छ ?
विश्वस्त ( ) ठीकै ( ✓ ) अविश्वस्त ( )

२.३ तपाईले सेवा लिन जाँदा नियम वमोजिम तिर्नु पर्ने वाहेक अतिरिक्त रकम तिर्नु भयो ?
तिरेको छु ( ) तिरेको छैन ( ✓ ) धेरै तिरेकोछु ( )

२.४ यस कार्यालयले समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेका छ ?
१ दिन ( ✓ ) २ दिन ( ) धेरै दिन ( )

नागरक प्रतिवेदन पत्र

प्रश्नावली भाग – २

१. सिफारिस सम्बन्धी

१.१ सिफारिसका लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाए (✓) ठीकै पाए ( ) स्पष्ट पाइन ( )

१.२ कुनै सिफारिसका लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिन पर्‍यो ?

दिए (✓) थोरै दिए ( ) मागिएन र दिइएन पनि ( )

१.३ त्यहाँबाट दिन सिफारिस लिंदा कसैका सहयोग लिनुभयो ?

आफै (✓) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे ( ) नेता /ठूलाबडा ( )

१.४ राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन ?

राजस्व, शुल्क तथा दस्तुर तिर्नुपर्ने सबैसँग कर उठाउँछन (✓)

सीमित व्यक्ति सँग मात्र कर उठाउँछन ( )

आफ्नो मानिस संग उठाउदैनन ( )

धेरै बक्यौता रहन गरेका छ ( )

२. पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ कार्यालयमा सरसफाईका अवस्था कस्तो छ ?

राम्रो ( ) ठीकै (✓) नराम्रो ( )

२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

तुरुन्त हुन्छ ( ) पटक पटक भनेपछि मात्र हुन्छ ( ) जति भनेपनि हुन्न (✓)

२.३ तपाईका विचारमा न.पा. /वडा कार्यालयले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्ता किसिमले गर्छ ?

नियमित र राम्रा संग ( ) ठीकै गर्छ (✓) नियमित रुपमा गर्दैन ( )

२.४ तपाईको वडामा विकास निर्माणको स्थिति कस्तो छ ?

राम्रो ( ) ठीकै (✓) खराब ( )

२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन ?

प्रभावकारी छन ( ) ठीकै छन (✓) प्रभावकारी छैनन ( )

२.६ योजनाका बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज ( ) असहज ( ) ठीकै (✓) अप्ठयारो ( )

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन (✓) मागेरै लिन्छन ( ) रकम नदिए अप्ठयारो पार्छन ( )

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

सजिल पाइयो (✓) कहिले काही पाइयो ( ) माग गर्दा पनि पाइएन ( )

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

सजिलै पाइन्छ ( ) सोधेपछि पाइन्छ (✓) सोधेपनि पाइदैन ( )

# बहिर्गमन अभिमत (**Exit Poll**) संकलन गर्ने ढाँचा

१) सेवाग्राहीको लिङ्ग :- पुरुष महिला

२) जात : मगर

३) उमेर : 36

४) शिक्षा : साक्षर

५) कार्यालय सम्म आइपुग्दाको समय : १घण्टा

६) यस कार्यालयको काममा मात्र आउनु भएको हो वा अन्य कामका लागि पनि

७) कार्यालयमा देहायका कुन कामका लागि आउनु भएका हो ? रेजा ( ) चिन्ह दिनुहोस ।

क) सिफारिस लिन/पुऱ्याउन

ख) दर्ता/नवीकरण

ग) आर्थिक सहयोग लिन

घ) योजना माग गर्न

ङ) योजनाको किस्ता लिन

च) योजनाको मूल्याङ्कन गराउन

छ) योजनाको अन्तिम भुक्तानी लिन

ज) नगरपालिका /वडाले राखेका सूचना प्राप्त गर्न

झ) सूचनामूलक सामग्री प्राप्त गर्न

ञ) अन्य कुनै भए

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन -उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने | | |
|---|---|---|---|---|
| १. | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाइलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट | ठीकै | अस्पष्ट |
| २. | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | ठीकै | अस्पष्ट |

**अनुसूची - ३**

स्थानीय एफ.एम.द्धारा सूचना वजाइएको तथा नगरपालिका र ९ नं. वडा कार्यालयको आसपासमा पर्चा टाँस गरेको

## ;fj{hlgs ;'g'jfO{ sfo{qmd ;~rfng x'g] ;DjlGw ;"rgf

cfpg'xf];/ cfpg'xf]; // cfpg'xf]; ///

## cfk\mgf ;d:of, ;'emfj tथf u'gf;fx? xfSsf xfSsL?kdf k|:t't ug'{{xf];

सिद्धिचरण नगरपालिकावाट वार्ड नं. ९ मा प्रदान गरिएको विकास निर्माण र गुणस्तरीय सेवा प्रवाहका सम्वन्धमा तपसिलको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई हुने भएकोले उक्त कार्यक्रममा स्थानीय राजनैतिक दलका पदाधिकारीहरु, टोल विकास संस्थाका पदाधिकारी तथा सदस्यहरु, वडा नं. ९ मा गठन भएको उपभोक्त समितिका पदाधिकारीहरु, शिक्षक वुद्धिजिवी, सरकारी गैह्रसरकारी संघ संस्थाका पदाधिकारीहरु, नागरिक समाज लगाएत सम्पूर्ण सरोकारवालाहरुलाई आफ्ना समस्या, रचनात्मक सुझाव तथा गुनासा आफ्ना जनप्रतिनिधि तथा सेवा प्रदायक संस्थाका जिम्मेवार पदाधिकारीहरु संग प्रत्यक्षरुपमा राख्न यहाँको गरिमामय उपस्थितीको लागि अनुरोध छ ।

मिति २०७५ कार्तिक ३० गते
विहानको ११ वजे
सि.न.पा. ९ लोकिल भञ्ज्याङ्ग वडा कार्यालयको प्राङ्गण

सहजीकरण आयोजक

ओपचारिक सेवा केन्द्र (इन्सेक)

सद्धिचरण नगरपालिका ओखलढुंगा र
सिद्धिचरण नगरपालिका ९ नं. वडा कार्यालय ं.
ओखलढुंगा

## अनुसूची - ४

प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव उपरिक्षक, सशस्त्र प्रहरी उपरिक्षक लगाएत नगरपालिकाका विषयगत शाखा प्रमुखहरुलाई अग्रिमरुपमा अतिथि तथा जवाफदेही वक्ताकोरुपमा पत्राचार गरिएको ।

सिद्धिचरण नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

प.सं : ०७५/०७६
च.नं. ४०३

(१ नं. प्रदेश), नेपाल
मिति : २०७५।०७।२९

**विषय :** उपस्थित भइदिने वारे ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
ओखलढुंगा ।

प्रस्तुत विषयमा यस नगरपालिका एवं ९ नं. वडा कार्यालयवाट प्रदान गरिएको विकास निर्माण एवं सेवा प्रवाहका सम्वन्धमा जिम्मेवार पदाधिकारीहरुसँग सार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति, समय र स्थानमा राखिएको हुँदा यहाँको उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**निम्न**
मिति : २०७५।०७।३०
समय : विहान ११:३० वजे ।
स्थान : सिद्धिचरण नगरपालिका ९ नं. वडा कार्यालयको प्राङ्गण ।

(भोजराज खतिवडा)
प्रमुख प्रशासकिय अधिकृत

O/C

# अनुसूची - ५

कार्यक्रमका तस्विररु




कार्यक्रमको पहिलो चरणमा अतिथि एंव जवाफदेही वक्ताको आसन ग्रहण गराउदै नगरपालिकाका कर्मचारी उमेश कार्की




कार्यक्रमका अतिथिहरुलाई मन्तव्य एंव फुलमालाले स्वगत गर्दै वडा अध्यक्ष श्री दान वहादुर वानिया र वडाकार्यालयका कर्मचारी कल्पना वुढाथोकी(वानिया)




सार्वजनिक सुनुवाई कार्यक्रमको उदेश्य नगरपालिकाको परिचय, सवल पक्ष, दुर्वल पक्ष, अवसर, चुनौती र नगरपालिकावाट ९ नं. वडामा गत आ.व.र चालु आ.व.को प्रथम चौमासिमा सम्पन्न भएका विकास निर्माणका योजना तथा कार्यक्रमहरु र चालु आ.व.मा संचालन गरिने योजना तथा कार्यक्रमहरुको वारेमा प्रस्तुत गर्दै प्रमुख प्रशासकिय अधिकृत श्री भोजराज खतिवडा




सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेहीवक्ताको रुपमा उपस्थित हुनु भएका सिद्धिचरण नगरपालिकाका नगर प्रमुख, उप प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव उपरिक्षक सशस्त्र प्रहरी नायव उपरिक्षक, अनुसंधान अधिकृत र ९ नं. वडाका वडा अध्यक्ष



सार्वजनिक सुनुवाई कार्यक्रममा आफ्नो जिज्ञासा राख्दै श्री मेख वहादुर खडका



सार्वजनिक सुनुवाई कार्यक्रममा आफ्नो जिज्ञासा राख्दै श्री सेर वहादुर वानिया



सार्वजनिक सुनुवाई कार्यक्रममा आफ्नो जिज्ञासा राख्दै श्री दिप वहादुर वानिया



भूकम्प पिडितले पूर्ननिर्माणका लागि पहिलो किस्ता प्राप्त गरी घर निर्माण सम्पन्न गरी दोश्रो र तेश्रो किस्ता लिने क्रममा पहिलो किस्ताकै रेकर्ड फेला नपरेपछी सार्वजनिक सुनुवाई कार्यक्रममा रुदै आफ्नो गुनासो पोख्दै श्री मिठु माया मगर



सार्वजनिक सुनुवाईका सहभागीहरु




कार्यक्रममा सहभागीहरुवाट आएका सवाल, जिज्ञासा र गुनासाहरुको वारेमा जवाफ दिदै वडा प्रमुख श्री दान वहादुर वानिया




कार्यक्रममा सहभागीहरुवाट आएका सवाल, जिज्ञासा र गुनासाहरुको वारेमा जवाफ दिदै नगरपालिकाको इन्जिनियर श्री दिव्य श्रेष्ठ




सहभागीहरुलाई सामुदायिक प्रहरीको वारेमा जानकारी दिदै प्रहरी नायव उपरिक्षक श्री अनन्तराम शर्मा




प्रमुख जिल्ला अधिकारी समापन मन्तव्यको क्रममा




सहभागीहरुवाट आएका सवाल, जिज्ञासा र गुनासाहरुको वारेमा जवाफ दिई कार्यक्रमको समापन गर्दै नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठ

## अनुसूची - ६

स्थानीय पत्र पत्रिकामा प्रकाशन भएको

# सार्वजनिक सुनुवाईमा नगरपालिकाको तिन बुदे प्रतिबद्धता

ओखलढुंगान्यूज

'प्रकासित मिति : २०७५, १ मंसिर शनिबार        प्रकासित समय : ०९:१०




***ओखलढुङ्गान्युज, मंशिर १ ज्यामिरे ।*** सेवाग्राहीले भूकम्प अनुदानको पहिलो किस्ता पाएको तर अभिलेख नभएको भन्ने बारेमा सिद्धिचरण नगरपालिकाले तत्काल प्रकृया अघि बढाउने भएको छ । शुक्रवार सिद्धिचरण नगरपालिका वडा नं. ९ मा नगरपालिकाले प्रदान गरेको सेवा सुबिधाको बारेमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा सिद्धिचरण नगरपालिकाका प्रमुख मोहन कुमार श्रेष्ठले कार्यालयको तर्फवाट यस्तो प्रतिबद्धता जनाउनु भएको हो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी शीव बानियाले नगरपालिकामा कर बुझाउन जादा कार्यालयमा फायल अस्तव्यस्त अवस्थामा रहेकोले आफुहरुले दुःख पाएको भन्दै तत्काल सुधार गर्न माग गरेका थिए । त्यस्तै सहभागी दिप बहादुर बानियाले सार्वजनिक सुनुवाईमा नगरपालिका र ९ नम्बर वडाको बजेटको बारेमा

जानकारी गराइए झै नगरपालिकाको परिषद पश्चात के –के, कहाँ–कहाँ र कति रकमको बजेट परेको छ भन्ने बारेमा जानकारी पाउनु आफुहरुको अधिकार भएकोले समयमा नै जानकारी दिन अनुरोध गरेका थिए ।

सहभागी शेर बहादुर बानियाले जिल्ला कृषि तथा पशु सेवा कार्यालयवाट पाउने सेवा सुबिधामा कार्यालयका कर्मचारी र वडा कार्यालयले सिमित व्यक्तिहरुलाई मात्र बोलाएर कार्यक्रम सञ्चालन गरेको र सिमितले मात्रै सेवा पाएकोले कृषि र पशु सेवा कार्यालयवाट पाउने सेवा सुबिधामा पहुँचवालाहरुले मात्रै फाईदा पाउने कार्यक्रम हो ? भन्दै प्रश्न गरेका थिए ।



त्यस्तै सहभागी कमला रम्तेलले आफ्नो घरमा बस्नका लागि अयोग्य छ भनेर प्राबिधिकहरुले भने पनि आफ्नो घर भूकम्पको पूर्ण क्षतिमा नपरेको भन्दै तत्काल अनुगमन गरिदिन अनुरोध गरेकी थिईन् । त्यस्तै मिठुमाया मगरले आफुले भूकम्पको पहिलो किस्ता पाएपनि दोश्रो किस्ता रकमपनि निकासा भएको तर पैसो लिन जादा पहिलो किस्ता रकम लिएको अभिलेख नै नहुदा पछिल्लो किस्ता नपाएको गुनासो गरेकी थिईन् । आफुले दोश्रो किस्ता लिन गत जेठ देखी जिल्ला धाउदा धाउदा थाकेको भन्दै आफुलाई महिला भनेर हेपेर पटक पटक दुःख दिएको हो कि भन्दै रुदै गुनासो गरेकी थिईन् ।

त्यस्तै गरि सहभागी आईत बहादुर विकले आफु एकल पुरुष भएको र आफुले एक कोठे घर पनि बनाईसकेको र पहिलो किस्ता पनि बनाएको तर अरु किस्ता पाउन नसकेको बताएका थिए । त्यस्तै गरि अन्य सहभागीहरुले प्राबिधिकको सल्लाह अनुसार नै पहिला घर बनाएका भएपनि अहिले उक्त घरको दोश्रो किस्ता र तेश्रो किस्ताको रकमका लागि सिफारिस गर्न नमिल्ने बताएको भन्दै यसको समाधानको लागि तत्काल पहल गरिदिन अनुरोध गरेका थिए । त्यस्तै सहभागीहरुले ३ –४ वटा ठाडै र राम्रै घर हुनेहरुको चाही पूर्ण क्षतिमा परि घर बनाईसके तर भूकम्पले पूरै भत्काएर उठीवास भएकाहरुको चाही अनुदान लाभग्राहीको सूचिमा पर्न नसकेको बताउदै तत्काल अनुगमन गरि समाधानको माग गरेका थिए ।

सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिदै नगरपालिकाका ईञ्जिनियर दिव्य श्रेष्ठले नागरिकहरुले उठाएको भुकम्प पछिको आवास निर्माणमा केही समस्या भएको स्वीका गरेका थिए । पहिलेका ईञ्जिनियरले आवास वनाउन सिफारिस गरेपनि भूकम्प प्रतिरोधि भवनको आचार संहिता अनुसार सोही घरलाई अर्को किस्ताको लागि सिफारिस गर्न नसकिने बताएका थिए । यदी त्यस्ता घरहरुलाई पास गर्ने नै हो भने चाही पूननिर्माण प्राधिकरणको कार्यबिधिमा नै परिवर्तन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा उठेका प्रश्नको जवाफ दिदै वडा अध्यक्ष दान वशादुर बानियाले कृषि र पशु सेवा कार्यालयको वार्षिक प्रगति प्रतिवेदन वुझाउने समय भएको बेलामा वडामा आएर बाध्यकारी रुपमा कार्यक्रम सम्पन्न नै गर्नुपर्ने आवश्यकता भएकोले सबैलाइ समेट्न नसकिएको र आगा मि  दिनमा त्यसो नहुने बताउनुभएको थियो । त्यस्तै योजना फरफारकका सन्दर्भमा केही समस्या देखएिको बताउदै त्यसलाई आ  गामि दिनमा सुधार गर्ने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रमको समापन सत्रमा सिद्धिचरण नगरपालिकाका प्रमुख मोहन कुमार श्रेष्ठ   , उपप्रमुख ईच्छा कुमारी गुरुङ, प्रमुख जिल्ला अधिकारी मुनका न्यौपाने, वडा नं. ९ का वडा अध्यक्ष दान वहादुर वानिया , जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक अनन्तराम शर्मा लगायतले सम्बोधन समेत गर्नुभएको थियो ।

कार्यक्रम समापनलाई सम्बोधन गर्दै सिद्धिचरण नगरपालिका प्रमुख मोहन कुमार श्रेष्ठले तिन बुदे प्रतिबद्धता जनाउनु भएको छ । सम्बोधनका क्रममा नगर प्रमुख श्रेष्ठले पहिलो किस्ता पाएर दोश्रो किस्ता लिन जादा अभिलेख नभेटिएको भन्ने गुनासोको बारेमा तत्काल प्रकृया अघि बढाउने प्रतिबद्धता जनाउनुभयो । पुनर्निर्माण प्राधिकरणको नियमानुसार बनी सकेको घरलाई एकमुष्ठ रकम भुक्तानी दिने कुरा मन्त्रालये निर्णय गरेका अनौपचा रिक जानकारी आएपनि हाल सम्म औपचा  रिक जानकारी नआएको बताउदै स्थानीय तहलाई आधिकारीक पत्र आउनासाथ प्रकृया अघि बढाई निकासा गराउने प्रतिबद्धता जनाउनुभयो ।

त्यस्तै नगरपालिकाको कर कक्ष व्यबस्थित नहुदा कर बुझाउन आउने सेवाग्राहीहरुलाई समस्या भएको भन्ने गुनासोलाई सम्बोधन गर्दै कर कक्षको सुरुवात मात्रै भएकोले त्यसलाई व्यबस्थित गर्न केही समय लाग्ने भन्दै यथासिघ्र त्यसलाई पनि व्यबस्थापन गर्ने प्रतिबद्धता जनाउनुभयो । नगरपालिका क्षेत्रमा हाल सम्म ६ हजार ९ सय ९४ घरधुरी भएको वताउदै नगरप्रमुख श्रेष्ठले करको ब्यबस्थापन चाडै गर्ने र आफुले क बढि तिरेकोमा बिरोध मात्रै नगरी नगरपालिकाल प्रबाह गर्ने सेवा सुबिधाका बारेमा सबै नागरिक चनाखो भै रहन समेत आग्रह गर्नुभयो ।

सार्बजनिक सुनुवाई सिद्धिचरण नगरपालिकाको आयोजनामा र अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक) ओखलढुङ्गाको सहजीकरणमा सम्पन्न भएको थियो । सिद्धिचरण नगरपालिका वडा नं. ९ को कार्यालय परिसरमा आयोजना गरिएको सार्वजनिक सुनुवाईको सहजिकरण भने ईन्सेकका ओखलढुङ्गा प्रतिनिधी शिव ढुङ्गानाले गरेका थिए ।